**२०७४ साल असोज २७ गते शुक्रवारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्रधानमन्त्रीको निजी सचिवालय बालुवाटारमा सुरक्षार्थ खटिएका संलग्न लिष्ट बमोजिमका ३९ जना विभिन्न दर्जाका सुरक्षाकर्मीहरुलाई दोहोरो सुविधा नपर्ने गरी विगतका बर्षहरुमा जस्तै यस बर्ष पनि २०७४ श्रावण महिना देखि लागू हुने गरी सुरक्षा सम्बन्धी तोकिएको जिम्मेवारी पूरा गरेको र मासिक ५० घण्टा वा सो भन्दा बढी अतिरिक्त समय कार्य गरेको सम्बन्धित कार्यालयले प्रमाणित गरेको प्रगतिको आधारमा शुरु तलबको ५०% मा नबढ्ने गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउन स्वीकृति दिने ।

२. अर्थ मन्त्रालय— कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृत पदमा बिष्णुबाबु मिश्रलाई नियुक्त गर्ने ।

३. खानेपानी तथा सरसफाइ मन्त्रालय— नेपाल खानेपानी संस्थानको महाप्रवन्धक पदमा भुपेन्द्र प्रसादलाई नियुक्त गर्ने ।

४. खानेपानी तथा सरसफाइ मन्त्रालय— ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०५२ मा संशोधन गर्ने ।

५. गृह मन्त्रालय— मिति गते २३/०६/द्दण्ठद्ध काठमाण्डौ महानगरपालिका वडा नं. -३१ ,प्रयागमार्ग खरिबोट स्थित सडकमा गोली हानी हत्या गरिएका नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष स्व.शरद कुमार गौचनलाई शहिद घोषणा गर्ने ।

६. परराष्ट्र मन्त्रालय— स्वर्गीय थाई नरेशको अन्त्येष्टिमा सहभागी हुन नेपाली प्रतिनिधिमण्डल गठन गर्ने ।

७. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— साविकमा हिमाल सिमेण्ट कम्पनी लिमिटेडको नाममा अधिग्रहण भएका एवं हिमाल सिमेण्ट कम्पनी लिमिटेडले खरिद गरी लिई नेपाल सरकारको नाममा स्रेस्ता कायम गर्न बाँकी रहेका जग्गाहरुको नेपाल सरकारका नाममा स्रेस्ता कायम गर्ने ।

८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— सवारी यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची-२ को संशोधन मसौदा स्वीकृत गर्ने ।

९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय—

   क) नागढुंगा सुरुङ्ग मार्ग तथा एप्रोच सडकको निर्माणका लागि त्रिभुवन राजमार्गको काठमाडौं जिल्ला स्थित बलम्बु (किसिपीडी) बाट शुरु भइ आकाशटोल, त्रिवेणीघाट, दहचोक, टुटीपाखा हुँदै त्रिभुवन राजमार्गको धादिङ जिल्ला स्थित सिस्नेखोलामा जोडिने नयाँ रेखांकन स्वीकृत गर्ने ।

   ख) सार्बजनिक सडक ऐन, २०३१ को दफा ३ अनुसार खण्ड (क) बमोजिमको राजमार्ग कायम गरी सडक सीमा तोक्ने र सो को सूचना नेपाल राजपत्रमा प्रकाशित गर्ने ।

१०. युवा तथा खेलकुद मन्त्रालय— अलास्काको अग्लो हिमाल डेनाली आरोहण गर्ने क्रममा असामयिक निधन भएका स्वर्गीय सञ्जय पण्डितको परिवारलाई रु १० लाख आर्थिक सहायता उपलब्ध उपलब्ध गराउने ।

११. रक्षा मन्त्रालय—

क) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/१/२१ को निर्णयबाट स्वीकृत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको "काठमाडौं-तराई/मधेश फाष्ट ट्र्याक सडक (द्रुत मार्ग) निर्माण व्यवस्थापन नेपाली सेनाबाट गर्ने" विषयक प्रस्तावको प्रकरण ४. को क्रमसंख्या २. को खण्ड (ग), (घ), (ङ), (च) र क्रमसंख्या ६. हटाउने ।

ख) रक्षा मन्त्रालयले काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना सञ्चालन कार्यविधि, २०७४ लाई खण्ड क) बमोजिम परिमार्जन गर्ने ।

ग) काठमाण्डौ-तराई/मधेश फाष्ट ट्र्याक सडक (द्रुत मार्ग) निर्माणका लागि IL&FS/Suryavir Consortium ले तयार गरेको विस्तृत आयोजना प्रतिवेदन (Detail Project Report) को उपयोगिताको आधारमा उक्त कम्पनीसंग वार्ता गरी खरिद गर्ने अख्तियारी निर्देशक समितिलाई दिने ।

घ) फाष्ट ट्र्याक सडक (द्रुत मार्ग) निर्माण कार्य गुणस्तरीय, दिगो र किफायती रूपमा सम्पन्न गर्न खण्ड ग) बमोजिम प्राप्त गरेको विस्तृत आयोजना प्रतिवेदन (Detail Project Report) लाई आवश्यकता अनुसार परिमार्जन र परिष्कृत गरी प्रयोग गर्ने अधिकार निर्देशक समितिलाई दिने ।

ङ) काठमाण्डौ-तराई/मधेश फाष्ट ट्र्याक सडक (द्रुत मार्ग) निर्माण कार्यका लागि आवश्यक खरिद कार्यहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम तथा आवश्यकता अनुसार सोही ऐन नियमावलीमा व्यवस्था भएको "विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था" बमोजिम वार्ताद्वारा खरिद गर्ने अख्तियारी निर्देशक समितिलाई दिने ।

१२. रक्षा मन्त्रालय— महासेनानी संजय थापा समेत ५ जना महासेनानीहरुलाई सहायक रथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

१३. वन तथा भू-संरक्षण मन्त्रालय— राष्ट्रिय वनको सिमानाभित्र रहने गरी निजी जग्गा प्राप्त गर्न स्वीकृति दिने।

१४. शिक्षा मन्त्रालय— विद्यालयको नाममा रहेको जग्गा नेपाल राष्ट्रिय इन्जिनियरिङ तथा प्रविधि प्रतिष्ठान पूर्वाधार निर्माण विकास समितिको नाममा भोगाधिकार प्रदान गर्ने।

१५. सामान्य प्रशासन मन्त्रालय— संघ तथा प्रदेशमा रहने मन्त्रालयहरूको नाम, संख्या तथा कार्यजिम्मेवारी स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

१६. सिंचाई मन्त्रालय— क्षतिपूर्ति उपलब्ध गराउन स्वीकृत प्रदान गर्ने ।

१७. स्वास्थ्य मन्त्रालय— १५ शैयाको फुलवारी सामुदायिक अस्पतालको जायजथा ढोरफिर्दी स्वास्थ्य चौकीमा हस्तान्तरण भएपछि उक्त स्वास्थ्य चौकी स्वतः १५ शैयाको अस्पतालमा स्तररोन्नति हुने गरी जायजेथा हस्तान्तरण गरी लिने ।

१८. स्वास्थ्य मन्त्रालय— नजिर स्थापित नहुने गरी समता हस्पीटललाई ५० वर्षका लागि जग्गा लिजमा लिइ १०० बेडको अस्पताल सञ्चालन गर्न अनुमति दिने ।

१९. स्वास्थ्य मन्त्रालय— जग्गा नामसारी तथा मालपोत मिन्हा गर्ने ।

२०. नेपालको संविधानको अनुसूची ४ मा उल्लिखित प्रदेश नं. ४. जिल्ला नवलपरासी (वर्दघाट सुस्ता पूर्व) र प्रदेश नं. ५. जिल्ला रूकुम (पूर्वी भाग) को सदरमुकाम अर्को व्यवस्था नभएसम्म हाललाई क्रमशः कावासोती र रूकुमकोट तोक्ने । सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

२१. राष्ट्रिय योजना आयोगका सदस्य प्रा.ई. हिरेन्द्रमान प्रधानले दिनु भएको राजिनामा मिति २०७४/६/२७ देखि लागू हुने गरी स्वीकृत गर्ने ।

२२. मित्रराष्ट्र गणतन्त्र भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायले आफ्नो पदबाट दिनु भएको राजिनामा २०७४/७/१ गतेदेखि लागू हुने गरी स्वीकृत गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल असोज २३ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्राचीन सम्पदा बस्ती पुनर्निर्माणलाई थप अनुदान उपलब्ध गराउने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— नेपाल सरकारका सचिव डा. युवकध्वज जी.सी. लाई कृषि र पशुपालनसंग सम्बन्धित विषयमा सोधकार्य र अनुसन्धानमुलक कार्य गर्न पूर्व स्वीकृति दिने ।

३. अर्थ मन्त्रालय— स्मारिका सिक्का टकमारी गरी बिक्री गर्न स्वीकृति दिने।

४. अर्थ मन्त्रालय— भूकम्प पीडितहरूको घर निर्माणका लागि सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४ मा संशोधन गर्ने।

५. अर्थ मन्त्रालय— Financial Action Task Force को Plenary and Working Group को बैठकमा भाग लिन नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री कमलशाली घिमिरेको नेतृत्वको प्रतिनिधिलाई भाग लिन स्वीकृति दिने ।

६. अर्थ मन्त्रालय— नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा श्री चन्द्रसिंह साउदलाई नियुक्त गर्ने ।

७. ऊर्जा मन्त्रालय— जापानमा आयोजना हुने Japan Visit Program on Hydropower Sector for Nepal विषयक कार्यक्रममा माननीय ऊर्जा मन्त्री श्री महेन्द्र बहादुर शाही तथा ऊर्जा सचिव श्री अनुप कुमार उपाध्यायलाई सहभागी हुन स्वीकृति दिने ।

८. ऊर्जा मन्त्रालय— Memorandum of Understanding for Establishment of the BIMSTEC Grid Interconnection स्वीकृत गर्ने ।

९. ऊर्जा मन्त्रालय— नेपाल र बंगलादेशबीच विद्युत क्षेत्रमा आपसी सहयोग आदान प्रदान गर्ने विषयमा Memorandum of Understanding (MoU) गर्ने ।

१०. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— कानून व्यवसायी प्रतिष्ठान सम्बन्धी विधेयक व्यवस्थापिका-संसदमा पेश गर्ने ।

११. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— सत्ता पक्षको सचेतकलाई पारिश्रमिक र सुविधा उपलब्ध गराउने ।

१२. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक परामर्शको लागि लोकसेवा आयोगमा पठाउने ।

१३. कृषि विकास मन्त्रालय— 7th Session of the Governing Body of the International Treaty on Plant Genetic Resources for Food and Agriculture (ITPGRFA) मा कृषि विकास मन्त्री रामकृष्ण यादवको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने ।

१४. गृह मन्त्रालय– मित्रराष्ट्र अमेरिकाको फिलाडेल्फिया, पेन्सिल्भेनियामा सञ्चालन हुने अन्तर्राष्ट्रिय प्रहरी प्रमुखको १२४ औं बार्षिक सम्मेलनमा प्रहरी महानिरीक्षक प्रकाश अर्याल, सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुरलाई सहभागी हुन स्वीकृति दिने ।

१५. गृह मन्त्रालय– अमेरिकाको हवाईमा सञ्चालन हुने Transnational Security Cooperation (TSC) Course मा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक शैलेन्द्र खनाललाई सहभागी हुन स्वीकृतिदिने ।

१६. गृह मन्त्रालय– प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि म्यादी प्रहरीको भर्ना गर्न स्वीकृति प्रदान।

१७. जनसंख्या तथा वातावरण मन्त्रालय – जल तथा मौसम विज्ञान सेवा सम्बन्धी विधेयक तर्जूमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

१८. परराष्ट्र मन्त्रालय– नेपाल-बंगलादेश द्विपक्षीय परामर्श संयन्त्रको बैठकमा भाग लिने नेपाली प्रतिनिधिमण्डलको गठन गर्ने ।

१९. पशुपन्छी विकास मन्त्रालय– राष्ट्रिय दुग्ध विकास वोर्डको कार्यकारी समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरुको नामावलीमा थपघट तथा हेरफेर गर्ने विषयको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्ने ।

२०. पशुपन्छी विकास मन्त्रालय– लाइभस्टक सेक्टर इनोभेशन आयोजनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२१. भूमिसुधार तथा व्यवस्था मन्त्रालय– भूमि सम्बन्धी ऐन को दफा २६ घ१ र २६ घ३ बमोजिमका सूचना प्रकाशन गर्न स्वीकृति दिने ।

२२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय– हङकङमा हुने अन्तराष्ट्रिय रेल्वे सुरक्षा परिषद्को २७ औं सम्मेलनमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री वीर बहादुर बलायरलाई भाग लिन जान स्वीकृति प्रदान गर्ने ।

२३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय– सुरुङ मार्ग सम्बन्धी अध्ययन भ्रमण कार्यक्रममा वीर बहादुर बलायरको नेतृत्वको टोलीलाई सहभागी हुन जान स्वीकृति दिने ।

२४. युवा तथा खेलकुद मन्त्रालय– नेपाल सरकार र श्रीलंका सरकारका बीच दुई देशका युवाको विकासका लागि सहकार्य, सहयोग र समन्वय गर्दै युवा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने समझदारी पत्र (MoU) मा हस्ताक्षर गर्न स्वीकृति दिने ।

२५. रक्षा मन्त्रालय– लेखा प्रमुख सेनानी मनराम के.सी.लाई लेखा महासेनानी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने।

२६. रक्षा मन्त्रालय– प्राविधिक सहायक रथी उद्धव विष्टलाई मानार्थ प्राविधिक उपरथी दर्जामा बढुवा गर्ने ।

२७. रक्षा मन्त्रालय– प्राड प्रमुख सेनानी डा.महेन्द्र जंग शाहलाई प्राड महासेनानी दर्जामा पदोन्नति गर्ने ।

२८. रक्षा मन्त्रालय– उपरथी प्रल्हाद थापा समेत ८ जना उपरथी र सहायक रथी झंकर बहादुर कडायत समेत ५ जना सहायक रथीहरुलाई सरुवा गर्ने ।

२९. रक्षा मन्त्रालय– नेपाली सेनाका प्रधान सेनापति राजेन्द्र क्षत्री समेतको भ्रमण दललाई मित्रराष्ट्र संयुक्त राज्य अमेरिकाको वासिङ्टन डि.सी. भ्रमणमा जान स्वीकृति दिने।

३०. रक्षा मन्त्रालय– राष्ट्रिय सेवा दलको कार्यकारी महानिर्देशक पदमा मानार्थ उपरथी रमिन्द्र क्षेत्रीलाई नियुक्ति गर्ने।

३१. वन तथा भू-संरक्षण मन्त्रालय— नेपालगन्ज विमानस्थल वरपर सामुदायिक वनभित्र रहेका जोखिमजन्य रुखहरु हटाउने।

३२. वन तथा भू-संरक्षण मन्त्रालय— माथिल्लो नेशम खोला जलविद्युत आयोजनाको निर्माणका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

३३. वन तथा भू-संरक्षण मन्त्रालय— मर्स्याङ्गदी-काठमाण्डौं २२० के.भी. प्रसारणलाईन आयोजना निर्माण गर्न वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

३४. वन तथा भू-संरक्षण मन्त्रालय— बाँके जिल्लास्थित सिक्टा सिंचाइ आयोजना अन्तर्गतको डुण्डुवा सिंचाइ प्रणालीको पुनःर्निर्माण / स्तरोन्नति गर्न रुखहरु हटाइ प्रचलित कानूनबमोजिम लिलामबिक्री गरी राजस्वमा रकम दाखिला गर्ने व्यवस्था गर्न जिल्ला वन कार्यालय, बाँकेलाई स्वीकृति दिने ।

३५. शिक्षा मन्त्रालय— राष्ट्रिय परीक्षा बोर्डको अध्यक्षमा चन्द्रमणि पौडेललाई नियुक्ति गर्ने ।

३६. शिक्षा मन्त्रालय— चिकित्सा शिक्षा सम्बन्धी माग राखी त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थानका डा. गोविन्द के.सी.ले पेश गरेको माग सम्बन्धमा वार्ताका लागि नेपाल सरकारका तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव डइन्द्रप्रसाद उपाध्यायको संयोजकत्वमा स्वास्थ्य मन्त्रालयका सचिव डा. किरण रेग्मी र शिक्षा मन्त्रालयका निमित्त सचिव डा. डिल्लीराम रिमाल सदस्य रहने गरी उच्चस्तरीय वार्ता समिति गठन गर्ने ।

३७. शिक्षा मन्त्रालय— जन आन्दोलनका घाइते प्रेमबहादुर खत्रीको छोरी अपेक्षा के.सी. लाई अध्ययनका लागि रकम उपलब्ध गराउने।

३८. श्रम तथा रोजगार मन्त्रालय— General Agreement in the Field of Manpower Between The Government of the Hashemite Kingdome of Jordan And The Government of Nepal स्वीकृत गर्ने ।

३९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— Memorandum of Understanding (MOU) गर्न स्वीकृत प्रदान गर्ने ।

४०. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— फिलिपिन्समा आयोजना हुने CIRDAP को 21st Governing Council Meeting मा माननीय राज्यमन्त्री सहभागी हुन स्वीकृति दिने।

४१. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— अस्थायी दरबन्दी सिर्जना गर्ने।

४२. सहकारी तथा गरिवी निवारण मन्त्रालय— गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालयको अस्थायी दरबन्दी स्वीकृति गर्ने ।

४३. सामान्य प्रशासन मन्त्रालय— राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोगहरुको दरवन्दी र सङ्गठन संरचना स्वीकृति गर्ने ।

४४. सामान्य प्रशासन मन्त्रालय— महालेखा परीक्षकको कार्यालय र अर्न्तगतका निकायहरुको दरवन्दी र सङ्गठन संरचना स्वीकृति गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

४५. सामान्य प्रशासन मन्त्रालय— ५ महानगरपालिकाहरुको दरवन्दी र सङ्गठन संरचना स्वीकृति गर्ने।

४६. सामान्य प्रशासन मन्त्रालय— शिक्षा मन्त्रालय अर्न्तगतका निकायहरूमा दरवन्दी सिर्जना, समायोजन र मिलान गर्ने ।

४७. सामान्य प्रशासन मन्त्रालय— जनसङ्ख्या तथा वातावरण मन्त्रालयको दरवन्दी र सङ्गठन संरचना स्वीकृत गर्ने .

४८. स्वास्थ्य मन्त्रालय— प्रत्येक वर्ष असार २० गते "राष्ट्रिय प्राकृतिक चिकित्सा दिवस" मनाउने ।

४९. स्वास्थ्य मन्त्रालय— स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न सैद्धान्तिक सहमति दिने ।

५०. बढुवा समितिको सिफारिश अनुसार निजामती सेवा ऐन, २०४९ को दफा १९ को उपदफा (२) को खण्ड (ख) (२) बमोजिम नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री लालशंकर घिमिरेलाई बढुवा गरी उपराष्ट्रपतिको कार्यालयको सचिव पदमा पदस्थापना गर्ने।

५१. निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख अधिकृत (सचिव) श्री माधबकुमार कार्की क्षेत्री मिति २०७४।६।१९ देखि अनिवार्य अवकास प्राप्त गर्नु भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

५२. नेपाल संवत् राष्ट्रिय समारोह समितिलाई नेपाल संवत् न्हूदँ ११३८ को अवसरमा विभिन्न कार्यक्रमहरू आयोजना गर्न दश लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

५३. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१/२/२१ को निर्णयानुसार नेपाल नागरिकता ऐन, २०६३ को दफा १८ बमोजिम नेपाल सरकार समक्ष प्रस्तुत हुन आएका र भविष्यमा आउने दोहोर्‍याइ पाऊँको निवेदनका सम्बन्धमा अध्ययन गरी राय सहितको प्रतिवेदन पेश गर्न समिति गठन भएको । उक्त समितिले नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश हुन आएको दोहोर्‍याइ पाउँको निबेदनका सम्बन्धमा अध्ययन गरी राय सहितको प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि गठित समितिको प्रतिवेदन, २०७४ मा दिएको राय बमोजिम जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीले नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ ले दिएको अधिकार प्रयोग गरी निवेदक मायादेवी थापा क्षेत्रीको नाममा मिति २०५९/३/७ मा ना.प्र.नं. १६६९९ कायम गरी जारी भएको नागरिकता प्रमाणपत्र बदर नहुने गरी मिति २०७२/११/१९ मा गरेको निर्णय कानुन विपरित नदेखिई मिलेकै हुँदा सो निर्णय बदर वा उल्टी गर्नुपर्ने कुनै आधार र कारण नरहेको हुँदा सोही बमोजिम गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

**२०७४ साल असोज २ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— दक्षिण कोरियाको सिउलमा आयोजना हुने 9th Regional Conference and 22nd Steering Group Meeting of the ADB/OECD Anti-Corruption Initiative for Asia and the Pacific कार्यक्रममा माननीय आयुक्त द्वय डा. गणेशराज जोशी र डा. सावित्री थापा गुरुङलाई सहभागी हुन स्वीकृति दिने।
मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्तहरु सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— अष्ट्रियाको भियनामा आयोजना गर्न लागेको The Conference of the State Parties to the United Nations Convention Against Corruption को सातौं सम्मेलनमा भाग लिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त श्री नविन कुमार घिमिरेको नेतृत्वमा ८ सदस्यीय प्रतिनिधिमण्डलले भाग लिने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति दिने ।

४. अर्थ मन्त्रालय— संयुक्त राज्य अमेरिकाको वासिङ्टन डि.सी.मा असोज २७-२९, २०७४ मा आयोजना हुने विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्राकोषको संयुक्त वार्षिक बैठकमा माननीय अर्थमन्त्री नेतृत्वको प्रतिनिधिमण्डल सहभागी हुने।

५. अर्थ मन्त्रालय— कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

६. आपूर्ति मन्त्रालय— व्यवस्थापिका संसदका विभिन्न समितिले नेपाल आयल निगमको पेट्रोलियम पदार्थ भण्डारण व्यवस्थाका लागि जग्गा खरिद गर्दा अनियमितता गरेको लगायतका विषयमा नेपाल सरकारको ध्यानाकर्षण गराएको र सो अनियमितताका विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा समेत अनुसन्धान तहकिकातको कार्य विचाराधिन रहेको हुँदा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१/१०/१२ को निर्णयबाट नेपाल आयल निगम लिमिटेडको कार्यकारी निर्देशक पदमा नियुक्त काठमाडौं वडा नं. ३२, काठमाडौं बस्ने श्री गोपालबहादुर खड्कालाई सो पदमा कायम राखिराख्न उपयुक्त नदेखिएकोले निजलाई नेपाल कानुन व्याख्या सम्बन्धी ऐन, २०१० को दफा १६ बमोजिम पदबाट बर्खास्त गर्ने ।

७. खानेपानी तथा सरसफाइ मन्त्रालय— अस्थायी दरबन्दी स्वीकृत गर्ने।

८. गृह मन्त्रालय— प्रदेश सभा सदस्यको निर्वाचनको प्रयोजनका लागि पिछडिएको क्षेत्र तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने ।

९. गृह मन्त्रालय— प्रदेश सभा सदस्यको निर्वाचनको प्रयोजनका लागि अल्पसंख्यक समुदाय तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने ।

१०. गृह मन्त्रालय— वडा दशैं, २०७४ को उपलक्ष्यमा कारागार नियमावली, २०२० (ऐर्ष्ठ ऐअ) को नियम २९ को उपनियम (१) र (२क), कारागार व्यवस्थापन कार्यविधि, २०७३ एवं सजाय माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि, २०७१ बमोजिम असल चालचलन भई कैदको सजाय छोट्याउन योग्य देखिएका संलग्न सूचि बमोजिमका ४५६ (चारसय छपन्न) जना कैदीहरुलाई बाँकी कैद सजाय माफी गर्न नेपालको संविधानको धारा २७६ बमोजिम सम्माननीय राष्ट्रपति समक्ष सिफारिश गर्ने ।

११. गृह मन्त्रालय— प्रकोप पीडित उद्धार र राहत सम्बन्धी (छैठौं संशोधन) मापदण्ड, २०७४ स्वीकृत गर्ने ।

१२. गृह मन्त्रालय— खाद्यान्न खरिद, ढुवानी तथा हवाइ भाडा वापतको रकम उपलब्ध गराउने।

१३. गृह मन्त्रालय— बाढी तथा डुवान प्रभावित क्षेत्रमा पुनर्स्थापना तथा पुनर्निर्माण गराउने।

१४. गृह मन्त्रालय— प्रमुख निर्वाचन आयुक्त तथा आयुक्तहरूको लागि जनशक्ति उपलब्ध गराउने।

१५. गृह मन्त्रालय— आर्थिक सहायता उपलब्ध गराउने।

१६. परराष्ट्र मन्त्रालय— आठौं गैरआवासीय नेपाली विश्व सम्मेलन उच्चस्तरीय आयोजक समिति गठन गर्ने।

१७. परराष्ट्र मन्त्रालय— संयुक्त राष्ट्रसंघको ७२ औं महासभाको अवसरमा संयुक्त राष्ट्रसंघको प्रधान कार्यालय, न्यूयोर्कमा सेप्टेम्बर १८, २०१७ का दिन जारी हुने संयुक्त राष्ट्रसंघको सुधार सम्बन्धी राजनैतिक घोषणापत्र (Political Decleration for UN Reform  High Level Event) मा नेपालको तर्फबाट हस्ताक्षर गर्न संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि श्री दुर्गाप्रसाद भट्टराईलाई अख्तियारी प्रदान गर्ने।

१८. परराष्ट्र मन्त्रालय— नेपाल र ओमान सरकारका परराष्ट्र मन्त्रालयहरू बीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने।

१९. परराष्ट्र मन्त्रालय— आणविक अस्त्र निषेध सम्बन्धी सन्धिमा हस्ताक्षर गर्न उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीलाई अधिकार प्रदान गर्ने ।

२०. पशुपन्क्षी विकास मन्त्रालय— उच्च पहाड कृषि व्यवसाय तथा  जीविकोपार्जन सुधार आयोजनाको अस्थायी दरबन्दी  स्वीकृत गर्ने ।

२१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— चालु आ.व. २०७४/७५ मा भौतिक पूर्वाधार निर्माण तथा प्रयोगलगायत उच्चस्तरको द्विपक्षीय तथा बहुपक्षीय बैठक/कार्यक्रमको आयोजना गर्नको लागि रु. ६३,२४,५००/- (अक्षरेपि  त्रिसठ्ठी  लाख चौविस हजार पाँचसय मात्र) अर्थ मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निकासा दिने ।

२२. रक्षा मन्त्रालय— महा सेनानी बाबुराम श्रेष्ठसमेत ५ जना महा सेनानीहरूको पदाबधि थप गर्ने ।

२३. शान्ति तथा पुनर्निर्माण मन्त्रालय— अस्थायी दरबन्दी सिर्जना गर्ने ।

२४. शान्ति तथा पुनर्निर्माण मन्त्रालय— राहत तथा पुनःस्थापना इकाइको म्याद थप गर्ने ।

२५. शिक्षा मन्त्रालय— भारतको चेन्नइमा आयोजना हुने 3rd India International Science Festival मा माननीय उपप्रधानमन्त्री तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठलाई सहभागी हुन स्वीकृति दिने ।

२६. शिक्षा मन्त्रालय— युनेस्कोको ३९ औं महासभामा माननीय उपप्रधानमन्त्री तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

२७. शिक्षा मन्त्रालय— अस्थायी दरबन्दी सिर्जना गर्ने ।

२८. शिक्षा मन्त्रालय—

(क) सुदूरपश्चिमाञ्चलका १५ र मध्यपश्चिमाञ्चलका १० वटा सामुदायिक क्याम्पसको रुपमा सञ्चालनमा रहेका क्याम्पसलाई सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल विश्वविद्यालयले आङ्गिक क्याम्पसको रुपमा सञ्चालन गर्न दिँदा आवश्यक पर्ने शिक्षक तथा कर्मचारीको दरबन्दी विश्वविद्यालय अनुदान आयोगको सहमतिबमोजिम स्वीकृत गर्ने ।

(ख) स्वीकृत दरबन्दीमा स्थायी पदपूर्ति गर्दा प्रतिस्पर्धाको माध्यमबाट पदपूर्ति गर्ने व्यवस्था मिलाउने ।

(ग) सामुदायिक रुपमा सञ्चालनमा रहेका क्याम्पसबाट समायोजन भई आङ्गिक क्याम्पसमा आउने शिक्षक तथा कर्मचारीको सेवा सुविधा सम्बन्धित विश्वविद्यालयको विनियमावलीबमोजिम हुने गरी व्यवस्था मिलाउने ।

२९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— नेपाल आदिवासी जनजाति महासंघलाई एघार लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

३०. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— डेनमार्कको अध्ययन भ्रमणमा मा. राज्यमन्त्रीको नेतृत्वमा सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

३१. सामान्य प्रशासन मन्त्रालय— परराष्ट्र मन्त्रालय अन्तर्गतका निकायहरूको दरबन्दी र सङ्गठन संरचना स्वीकृति गर्ने ।

३२. सिंचाइ मन्त्रालय— मेक्सिको सिटीमा आयोजना हुने २३औं ICID Congress तथा ६८औं International Executive Committee (IEC) को बैठकमा माननीय सिंचाइ मन्त्री श्री संजय कुमार गौतम र सचिव श्री रामानन्द प्रसाद यादवलाई सहभागी हुन स्वीकृति दिने ।

३३. सिंचाइ मन्त्रालय— सुनकोशी मरीन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको लागि आवश्यक पर्ने जग्गा प्राप्त गर्न स्वीकृत प्रदान गर्ने।

३४. सिंचाइ मन्त्रालय— बबई, भादा, औरही नदी व्यवस्थापन आयोजना सञ्चालन गर्ने ।

३५. सूचना तथा सञ्चार मन्त्रालय— अनलाइन सञ्चारमाध्यम सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७४ स्वीकृत गर्ने।

३६. सूचना तथा सञ्चार मन्त्रालय— ITU Telecom World 2017 मा भाग लिन माननीय सूचना तथा सञ्चार राज्यमन्त्री श्री तप्तबहादुर विष्टको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने ।

३७. सूचना तथा सञ्चार मन्त्रालय— माननीय सूचना तथा सञ्चार मन्त्रीको सञ्चार विज्ञ पदमा श्री छक्क बहादुर खड्कालाई नियुक्त गर्ने ।

३८. स्वास्थ्य मन्त्रालय— प्राथमिकताका आधारमा अन्य जिल्लास्तरका अस्पतालहरू समेत क्रमशः स्तरोन्नती गर्दै जाने गरी राप्ती उपक्षेत्रीय अस्पताल, तुल्सीपुर, दाङ र जिल्ला अस्पताल खोटाङको स्तरोन्नती गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

३९. स्वास्थ्य मन्त्रालय— राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ व्यवस्थापिका संसदमा प्रस्तुत गर्न स्वीकृति दिने ।

४०. महालेखा नियन्त्रक कार्यालयका महालेखा नियन्त्रक श्री राजेन्द्रप्रसाद नेपाल उमेरको हदको कारणबाट मिति २०७४।६।५ देखि अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

४१. बढुवा समितिको सिफारिश अनुसार निजामती सेवा ऐन, २०४९ को दफा १९ को उपदफा (२) को खण्ड (ख) (१) बमोजिम नेपाल इञ्जिनियरिङ्ग सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री माधबकुमार कार्कीलाई बढुवा गरी राष्ट्रिय सतर्कता केन्द्रको प्रमुख अधिकृत पदमा पदस्थापना गर्ने ।

४२. वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरेको सम्पत्ति विवरण सार्वजनिक गर्ने ।

४३. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३/१०/२० को निर्णयबमोजिम पूर्व राष्ट्रपतिको सुविधा पदबाट निवृत्त भएको मिति देखिनै दोहोरो नपर्ने गरी उपलब्ध गराउने ।

४४. चिकित्सकको चरम लापरवाही (Gross Negligence) का कारणले विरामीको मृत्यु वा अङ्गभङ्ग भएमा घटनाको स्वतन्त्र अनुसन्धान, पेशागत वा व्यवसायिक विमा (Professional Liability Insurance) र क्षतिपूर्ति लगायतका आवश्यक विषयहरूलाई व्यवस्थित गर्न स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने।

४५. "मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति गठन (दोस्रो संशोधन) आदेश, २०७४" भूमिसुधार तथा व्यवस्था मन्त्रालयले दीर्घकालिन समाधान गर्ने गरी स्वीकृत गर्ने ।

४६. राष्ट्रिय योजना आयोगको सदस्य पदमा डा. गोविन्दराज भट्टलाई नियुक्त गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**